जि.का.सप्तरी द.नं. १(२०३९/०६/१८)-०३९/०४०

# नवीन साप्ताहिक

म.जि.हु.का.द.नं. ६/०६४/०६५

वर्ष ४१ अंक ६ २०७९ साल भदौ १२ गते आइतवार (28 Aug 2022 Sunday) मूल्य रु. ७/-




*यस अंक भित्र* – **पृष्ठ २ मा :** मधेशबाट भोट लिएर गएका ... **पृष्ठ ३ मा :** प्रज्ञाको अलख जगाउने ... **पृष्ठ ५ मा :** राष्ट्रिय भुमि आयोगद्वारा ... **पृष्ठ ५ मा :** भारत, पाकिस्तान र मलेसियामा...

# एमालेले नागरिकता विधेयकमा दोहोरो चरित्र देखायो : जसपा अध्यक्ष यादव




**राजविराज**/जनता समाजवादी पार्टी नेपालका अध्यक्ष उपेन्द्र यादवले नागरिकता संशोधन विधेयकमा पूर्वप्रधानमन्त्री केपी शर्मा ओली र उनका पार्टी नेकपा एमालेले दोहोरो चरित्र देखाएको आरोप लगाएका छन् ।

जसपा नेपाल सप्तरीद्वारा शनिबार सप्तरी सदरमुकाम राजविराजमा आयोजित पार्टी प्रवेश कार्यक्रमलाई प्रमुख अतिथिको रुपमा सम्बोधन गर्दै उनले सो आरोप लगाएका हुन् ।

कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष यादवले वर्षौंदेखी नागरिकता बिहीन जनताको हीतमा दुबै सदनबाट पारित हुँदा पनि राष्ट्रपतिले प्रमाणिकरण नगर्दा उनले दलको नेतासरह व्यवहार देखाउनु दुःखद भएको समेत बताए ।

तत्कालिन प्रधानमन्त्री ओलीले यस्तै खालको विधेयक र अध्यादेशहरु ल्याउँदा राष्ट्रपतिबाट एक घण्टामै प्रमाणिकरण हुने र हामीले ल्याउँदा राष्ट्रपतिलाई

*बाँकी पाँच पृष्ठमा*

# काँग्रेसप्रति जनताको आकर्षण र जनलहर बढ्दै छ : नेता ढुङ्गाना



**राजविराज**/नेपाली काँग्रेसका केन्द्रीय सदस्य एवम् अनुशासन समितिका संयोजक आनन्द ढुङ्गानाले काँग्रेसप्रति जनताको आकर्षण र जनलहर बढ्दै गएको बताएका छन् ।

शनिवार नेपाली काँग्रेस सप्तरीद्धारा आयोजित 'जनताको साथमा काँग्रेस' अभियान कार्यक्रमलाई प्रमुख अतिथिको आसनबाट सम्बोधन गर्दै उनले यस्तो कुरा बताएका हुन ।

उनले हालै सम्पन्न स्थानीय तहको निर्वाचन परिणामले यसको पुष्टि गरेको भन्दै आगामी प्रतिनिधिसभा र प्रदेशसभा निर्वाचनले पार्टीलाई देशैभर ठुलो सफलता मिल्ने संकेतहरु पनि देखिन थालेको बताए ।

कार्यक्रमलाई सम्बोधन गर्दै उनले देशमा प्रजातन्त्र ल्याउनेदेखि संविधान र लोकतन्त्र जोगाउन र समग्र परिवर्तनको रक्षाको लागि फेरि जनताले काँग्रेसमाथिनै आशा र भरोसा गरेको बताउँदै जनताले पार्टीप्रति देखाएको उत्साहलाई कायम राख्न नेता/कार्यकर्ता गाउँ गाउँमा पुगेर जनताको मन जित्ने र संगठन निर्माणमा लाग्ने बेला आएको उल्लेख गरे ।

गठबन्धन दलभित्र सिट बाँडफाँडको विषयमा कुराकानी चलिरहेको बताउँदै उनले गठबन्धन भएका ठाउँमा गठबन्धनका उम्मेदवारलाई र पार्टीको एकल उम्मेदवारी भएका ठाउँमा पार्टीका उम्मेदवारलाई विजयी गराउन अपिल पनि गरे ।

जिल्ला सभापति रामदेव साहको अध्यक्षतामा आयोजित कार्यक्रमलाई काँग्रेसका केन्द्रीय सदस्य दिनेश कुमार यादव, संघीय सांसद तेजुलाल चौधरी लगायतले पनि सम्बोधन गर्दै आगामी चुनावमा काँग्रेसलाई पहिलो पार्टी बनाउन सबै एक ढिक्का भई जनतामा जानुपर्नेमा जोड दिए ।

# जिसस सप्तरीका निवर्तमान प्रमुखसहित एक हजार भन्दा बढी जसपामा प्रवेश



**राजविराज**/जिल्ला समन्वय समिति सप्तरीका निवर्तमान प्रमुख प्रभाकर यादवसहित विभिन्न पार्टी परित्याग गरि एक हजार भन्दा बढी जनता समाजवादी पार्टी ( जसपा) नेपालमा प्रवेश गरेका छन् ।

शनिवार राजविराजमा जसपा सप्तरीद्वारा आयोजित पार्टी प्रवेश कार्यक्रममा निवर्तमान प्रमुख यादव हृदयेश त्रिपाठी नेतृत्वको नेपाल प्रगतिशिल पार्टी परित्याग गरि जसपामा प्रवेश गरेका हुन ।

उनीसँगै छिन्नमस्ता गाउँपालिका ७ को निवर्तमान वडाअध्यक्ष रहेकी उनकी पत्नी प्रमिला देवी पनि जसपा प्रवेश गरेकी छिन । दुबै जना हृदयेश त्रिपाठी नेतृत्वको नेपाल प्रगतिशिल पार्टीमा थिए ।

यसअघि लोसपामा रहेका यादव दम्पति हालै सम्पन्न स्थानीयतहको निर्वाचनमा सो पार्टी परित्याग गरेर नेपाल प्रगतिशिल पार्टीमा प्रवेश गरेका थिए । सोही पार्टीको टिकटबाट प्रभाकर छिन्नमस्ता गाउँपालिकाको अध्यक्ष तथा उनको पत्नी प्रमिला वडाअध्यक्ष पदमा चुनाव लडदा पराजित भएका थिए ।

यादव दम्पति नेपाल प्रगितिशिल पार्टी परित्याग गरेको भन्नु पर्नेमा उद्घोषकले लोसपा परित्याग गरेको भन्दा सबै अचम्मित भएका थिए ।

यस्तै नेपाल प्रगतिशिल पार्टीबाट राजविराज नगरपालिकाको प्रमुख पदमा उम्मेदवार बनेका अशोक साह र विवेकशिल साझा पार्टीका केन्द्रीय सदस्य सुमन मिश्र लगायत विभिन्न पार्टी परित्याग गरी एक हजार भन्दा बढी जसपामा प्रवेश गरेको जिल्ला अध्यक्ष केदार यादवले जानकारी दिए ।

*बाँकी पाँच पृष्ठमा*

## जनज्योती कृषि सहकारीमा सदस्यता किन ...?

नीति, कार्यविधि र सुशासनमा चलेको संस्था
रणनीतिक योजना एवं लक्ष्य र उद्देश्यका आधारमा संचालित संस्था ।
आर्थिक समृद्धिका विभिन्न अवसरहरु भएको संस्था ।
विभिन्न घटना एवं दुर्घटनामा सुरक्षाको प्रत्याभुती गर्ने संस्था ।
प्रभावकारी व्यवस्थापन र सुशासनका लागि राष्ट्रिय सहकारी बैंकको राष्ट्रिय स्तरको care कार्यक्रममा आवद्ध संस्था ।
नेतृत्व विकासका लागि प्रसस्त अवसरहरु भएको संस्था ।
उद्यमशिलता विकासका लागि विभिन्न कार्यक्रमहरु भएको संस्था ।
सामाजिक उत्तरदायित्व वहन गर्ने संस्था ।
सहकारी अभियानमा राष्ट्रिय तहको नेतृत्व गर्न सफल संस्था ।
सदस्य मैत्री बचत र ऋण सेवा सहितको संस्था ।
व्यवसायिक कार्यक्रम संचालन गरेको संस्था ।
कृषि पेशालाई प्रात्साहन गर्ने संस्था ।
सदस्यहरुको कृषि उत्पादनको उचित मुल्यमा आकर्षक बजारीकरण गर्ने संस्था ।
त्यसैले आजै संस्थामा जुटौं, **"बचत गरौं समृद्ध वनौं"**

**जनज्योति कृषि सहकारी संस्था लि.**
**राजविराज ९ मलेठ, सप्तरी**
**सम्पर्क नं. ०३१-५९०६०१, ०३१५९०६०२, www.janajyoticoop.com.np**

## सम्पादकीय

### पढाईविहीन बालबालिकाप्रति सचेत होऔं

सप्तरीका विभिन्न ग्रामिण भेगका दलित, अतिविपन्न, मुसहर समुदायका बालबालिकाहरु अझै शिक्षाको पहुँचबाट टाढा रहेका छन । सरकारले शिक्षामा बर्षेनी करोडौंको लगानी गरेपनि हालसम्म ती समुदायका बालबालिकाहरुप्रति ध्यान पुग्न सकेको छैन् । जिल्लाका विभिन्न ग्रामिण भेगका ती समुदायका बालबालिकाहरु पढ्ने उमेरका विभिन्न घरायसी कामका गर्नुका साथै अरुको घरमा मजदुरी गरी आफ्नो गुजारा गर्दै आएका छन । रहर होईन बाध्यतावस ती समुदायका बालबालिकाहरु अरुको घरमा मेहनत मजदुरी गर्नुका साथै गाई, गोरु, भैसी, बाखा चराउँदै दिन बिताउँदै आएका छन ।

स्थानीय अभिभावकहरु जागरुक नभएकै कारण तथा सरकारी उदासिनताका कारणले ती समुदायका बालबालिकाहरु अझै शिक्षाको पहुँचबाट टाढा रहेको प्रष्ट देखिन्छ । सरकारले ती समुदायका लागि विभिन्न सहयोगहरु गरेपनि पहुँचबाला तथा आर्थिक अवस्था मजवुत भएका परिवारमै सिमित रहन गएकोले पनि यस्तो अवस्था आएको हुनसक्छ ।

राजनीतिमा पहुँच भएका तथा आर्थिक रुपमा सबल रहेका परिवारहरुमै सरकारी सेवा सुविधा सीमित रहने गरेकाले मधेशका त्यस्ता समुदायहरु पछाडी पारिएको अवस्था छ । तसर्थ ती समुदायका पढाईविहिन बालबालिकासमक्ष सरकारले दिने गरेको सेवा सुविधा कसरी पुग्ने विषयमा तीनै तहका सरकार र सम्बन्धित निकायको ध्यान पुग्नु आवश्यक छ ।

# मधेशबाट भोट लिएर गएका दलहरुले मधेशीका लागि के-के गरे : लोसपा वरिष्ठ नेता महतो



**राजविराज** / लोकतान्त्रिक समाजवादी पार्टी (लोसपा) नेपालका वरिष्ठ नेता राजेन्द्र महतोले मधेशबाट भोट लिएर गएका दलहरुले मधेशीका लागि के-के गरे भन्ने बारे समिक्षा गर्नु पर्ने बताएका छन् ।

सोमबार राजविराजमा लोसपा नेपाल सप्तरीद्वारा आयोजित पार्टी प्रवेश कार्यक्रममा प्रमुख अतिथिको आसनबाट बोल्दै उनले यस्तो कुरा बताउँदै भन्दै यसबारे गम्भिर भएर सोच्न आग्रह पनि गरे ।

कार्यक्रमलाई सम्बोधन गर्दै नेता महतोले संविधानमा मधेशी, आदिवासी, जनजाती, मुश्लिम, सिमान्तकृत लगायत समुदायको पूर्ण अधिकार अहिले पनि सुनिश्चित नभएको बताउँदै उनले त्यसका लागि आफूहरुको संघर्ष जारि रहेको छ भने ।

सोही कार्यक्रममा बोल्दै अर्का वरिष्ठ नेता शरतसिंह भण्डारीले निर्वाचनमा गठबन्ध बाध्यता रहेको भन्दै आफूहरु लोकतन्त्र, पहिचान र अधिकारका लागि काम गर्ने पार्टीका साथ गठबन्धन गर्ने पक्षमा रहेको स्पष्ट पारे ।

सोही कार्यक्रममा २०७४ सालको स्थानिय निर्वाचनमा तत्कालिन राष्ट्रिय जनता पार्टी (राजपा)बाट उम्मेदवार भई राजविराज नगरपालिकाको मेयरमा निर्वाचित शम्भुप्रसाद यादव सोमबार लोसपामा प्रवेश गरेका छन् ।

उनले हालै सम्पन्न स्थानिय तहको निर्वाचनमा टिकट नपाएपछि जनता समाजवादी पार्टी परित्याग गरि मनोनयन पत्र दर्ता गराउने दिन नेकपा माओवादी केन्द्रमा प्रवेश गरि राजविराज नगरपालिकाको प्रमुख पदमा उम्मेदवारी दिएका थिए ।

सोमबार लोसपा नेपाल सप्तरीद्वारा आयोजित पार्टी प्रवेश कार्यक्रममा उनी नेकपा माओवादी केन्द्र परित्याग गरि लोसपामा प्रवेश गरे । उनीसँगै विभिन्न पार्टी परित्याग गरि चार सय जना लोसपा प्रवेश गरेको जिल्ला अध्यक्ष सुनिल झाले जानकारी दिएका छन् ।

यस्तै प्रवेश गर्नेहरुमा राजविराज नगरपालिकाका निवर्तमान वडा अध्यक्ष माँगीलाल नाई र सुदर्शन सिंह पनि छन् । दुबै जना काँग्रेस पार्टी परित्याग गरि लोसपा रोजेका हुन् । यस्तै २०७४ को स्थानिय तहको निर्वाचनमा राजपाबाट निर्वाचित वडा अध्यक्ष शम्भु यादव (लाली) र शोभालाल मण्डल पनि लोसपामा प्रवेश गरेका छन् । नवप्रवेशीहरुलाई कार्यक्रमका प्रमुख अतिथि लोसपाका वरिष्ठ नेता राजेन्द्र महतो, शरतसिंह भण्डारी, अनिल झा, जयप्रकाश ठाकुर, दिपेन्द्र चौधरी लगायतले अबिर र माला लगाई स्वागत गरे ।

लोसपाका जिल्ला अध्यक्ष सुनिलकुमार झाको अध्यक्षमा आयोजित कार्यक्रमलाई लोसपाका अर्का वरिष्ठ नेता अनिल झाका साथै जयप्रकाश ठाकुर, मधेश प्रदेशका अध्यक्ष जितेन्द्र सोनल, रुपनी गाउँपालिकाका अध्यक्ष दिनेश यादव, राजविराज नगरपालिकाका निवर्तमान नगरप्रमुख शम्भु प्रसाद यादवले पनि सम्बोधन गरेका थिए ।

# बारम्बार सत्तामा रहेका दलहरुका कारण मुलुकमा भ्रष्टाचार मौलायो : डा. राउत

**राजविराज** / जनमत पार्टीका अध्यक्ष डा. सिके राउतले नेपाली काँग्रेस, नेकपा एमाले, नेकपा माओवादी केन्द्र र मधेशवादी दल सत्तामा रहिरहँदा मुलुकमा भ्रष्टाचार मौलाएको आरोप लगाएका छन् ।

सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका ४ स्थित जिरिया हाटमा बिहीबार जनमत पार्टीले आयोजना गरेको आम सभालाई सम्बोधन गर्दै उनले यस्तो बताएका हुन् ।

आमसभालाई सम्बोधन गर्दै डा. राउतले मुलुकमा प्रजातन्त्र, लोकतन्त्र, संघीय गणतन्त्र ल्याइदिएकोमा धन्यवाद दिंदै ती दलहरु अब "डेट एक्सपायर" भइसकेकोले अब जनमत पार्टी बुलेट ट्रेन जस्तै पार्टी बन्न गइरहेको बताए ।

"थोत्रा गाडीका रुपमा रहेका शासन गरिरहेका दलहरुलाई छाडेर आफुहरुलाई आगामी



निर्वाचनमा साथ दिन जनतासँग आग्रह गर्दै उनले भने, विभिन्न राजनीतिक दलले मुलुकमा पालै पालो शासन गरेपनि जनताको अवस्था भने अझै विकराल बन्दै गएको छ ।"

जिल्लाको निर्वाचन क्षेत्र नं. २ बाट प्रतिनिधिसभा सदस्य पदका लागि यस अघिनै आफ्नु उम्मेदवार हुने घोषणा गरिसकेको डा. राउतले पार्टीका नेता कार्यकर्तालाई संगठन निर्माण र चुनावको तयारीका लागि जनतामा जान निर्देशन समेत दिए ।

यस्तै सप्तरीको तिलाठी कोइलाडी गाउँपालिकाका निवर्तमान अध्यक्ष सतिश कुमार सिंह लोसपा परित्याग गरि सोही पार्टीमा प्रवेश गरेका छन् । उनीसँगै विभिन्न पार्टी परित्याग गरी दुई हजार व्यक्ति जनमत पार्टीमा प्रवेश गरेको जिल्ला सचिव थानेश्वर साहले जानकारी दिएका छन् ।

जनमत पार्टीका केन्द्रिय अध्यक्ष डा. सिके राउतले उनीहरुलाई फुल माला अविर लगाई पार्टीमा स्वागत गरेका छन् । जनमत पार्टी जनाधार बढ्दै गएको दावी गर्दै अलमलमा रहेका अन्य दलका नेता तथा कार्यकर्तालाई जनमत पार्टीमा आउन आह्वान समेत गरे ।

सप्तरी जिल्ला सचिव थानेश्वर साहद्वारा संचालित आमसभामा पार्टीका केन्द्रीय कोषाध्यक्ष ई. सुर्यनारायण यादव, तिलाठी कोइलाडी गाउँपालिकाका निवर्तमान अध्यक्ष सत्तिश कुमार सिंह लगायतले पनि सभालाई सम्बोधन गरे ।


**डा. ललन प्रसाद रौनियार**
**Dr. Lalan Prasad Rauniyar**
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569


**डा. सरोज कुमार साह**
**Dr. Saroj Kumar Sah**
MBBS, MS Orthopaedics (BPKIHS) Dharan
Fellowship in Hand Surgery (CMC Vellore)
NMC Reg. No. : 13288
हाड जोर्नी, नशा तथा बाथ रोग विशेषज्ञ
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. कालीप्रसाद यादव**
**Dr. Kali Prasad Yadav**
MBBS, MD Internal Medicine (NAMS, Bir Hospital Kathmandu)
NMC Reg. No. : 13203
कन्सलटेन्ट फिजिसियन
मधुमेह (चिनी रोग), मुटु, दम तथा श्वासप्रश्वास, पेट तथा कलेजो, मृगौला, छाती, थाईरोइड सम्बन्धी रोग
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

**डा. जयन्ती यादव**
**Dr. Jayanti Yadav**
M.B.B.S. MD (Obstetrician and Gynaecologist)
हाल कार्यरत गजेन्द्र नारायण सिंह अस्पताल राजविराज
NMC No. : 15312
बरिष्ठ स्त्री तथा प्रसुती रोग विशेषज्ञ
बाझपन, कमजोरी, लिकोरिया, महिनाबारी समस्याको सफल उपचार
सम्पर्क : कृताञ्जली मेडिकल हँल, राजविराज
Mo. No : 9842830252, 9804605569

# प्रज्ञाको अलख जगाउने जोगी प्रदीप गिरि

**सञ्जीव कार्की**




प्रदीप गिरि (२००४/२०७९-०५-०४) एक असाधारण क्षमता भएका व्यक्ति थिए । काँग्रेस सधैंभैं सत्तामा रहे पनि उनी जुनसुकै सरकारको सदावहार विपक्षीजस्ता थिए । तर आफैमा एक सत्ता थिए, जुन सत्ता उनलाई उनको पार्टी र नेपाली जनतामार्फत् प्राप्त थिएन । उनको सत्ता आफ्नै बुताको आर्जन थियो, जुन ज्ञानको सत्ता थियो । ज्ञानको सत्ता त्यस्तो सत्ता हो, जसले सबैका अघिल्तिर आफूलाई शिखरमा राखेको हुन्छ ।

'नलेज इज पावर' मिसेल फुकोले उसै भनेका होइनन् । जसलाई कसैले खोस्न र छेक्न सक्दैनथ्यो । प्रदीप गिरिले राज्यको सत्तामा जान मरिहत्ते गरेनन् । अवसर पाउँदा पनि इन्कार गरे । मन्त्री बनाइदिने भन्दै २०५६ मा कृष्णप्रसाद भट्टराईको चुनावी प्रचार थियो तर गिरि चुनाव हारे र हार्नुमा यस्तो प्रकारको सन्तोष प्रकट गरेका थिए । 'मलाई मन्त्री बन्नबाट भगवानले बचाउनु भयो, म किसुनजीको आग्रह टार्न सक्दिनथैं तर भगवान्ले चुनाव हराएर मलाई त्यो अवस्थाबाट मुक्त गरिदिए ।

यसको अर्थ हो, प्रदीपलाई सत्ताको भोक र लोभ थिएन । संसद र पार्टीको केन्द्रीय सदस्य चैं किन नि भन्ने प्रश्नमा गिरि जनतासँग जोडिने सङ्गठित मन्च र आधार चाहिन्छ । त्यसैले म पार्टीको फोरम प्रयोग गर्छु भन्थे ।'

२०५६ मा काँग्रेसको पोखरा अधिवेशनबाट केन्द्रीय सदस्य निर्वाचित गिरि काठमाडौंमा २०७९ मंसिरमा सम्पन्न १४औं अधिवेशनमा विरामीको कारण भारतमा उपचाररत रहेकोले सहभागी हुन सकेनन् । २०५१, २०५६ र २०७० मा सिरहाबाट चुनाव लडेका गिरिलाई २०५६ मा पराजय बेहोर्नु पर्यो ।

२०६३ को अन्तरिम संसदमा मनोनित सांसद, २०६४ र २०७० मा समानुपातिक सांसद भएर गिरिले संसदमा आफ्नो बौद्धिक पहलमानी देखाए । संसदमा गिरिको सम्बोधन एउटा उत्सव जस्तो देखिन्थ्यो, सबैलाई उत्सुकता हुन्थ्यो । विपक्षी समेत उनको भाषण सुन्न उत्साहपूर्ण सहभागिता जनाउँथे । गिरिले बोल्दा छुट्ट्याइएको समय नाघ्दा समेत सभामुखले माइक काटिदिन दकस मान्थे तसर्थ गिरिको सम्बोधन पाएको समय भन्दा लम्बिने गरेको अनुभव सांसद र सभामुखहरूको हुन्थ्यो ।

पूर्वसभामुख ओनसरी घर्ती प्रदीप गिरिले संसदमा बोल्दा आउने रौनक र तरङ्गमा आल्हादित हुने गरेको बताउनु हुन्छ । वामपन्थी बाहुल्य संसदमा गिरिको मन्तव्य सुरू हुँदा पिन ड्रप साइलेन्स देखिन्थ्यो । तर आफ्नै पार्टीका नेता र महत्त्वपूर्ण व्यक्ति बोल्दा संसादहरू स्कुले केटाकेटीभैँ चञ्चल र गफगाफ खासखुसमा रमाएका भेटिन्थे ।

प्रदीपले बोल्दा सांसदहरूको एकाग्रता साँच्चिकै हेर्न लायक र स्मरणीय हुन्थ्यो । कृष्णप्रसाद भट्टराईले पहिले नै ज्ञान (प्रज्ञा)को अलख जगाउने जोगीको रूपमा चित्रण गरेर उनको प्राज्ञिक चिनारी दिइसकेका थिए । गिरिको देहावसानपछि नेताहरूबाट व्यक्त निम्न धारणा र शोक सन्देशले गिरि को हुन् बुझ्न सघाउँछ ।

'मेरा अनन्य मित्रको देहावसानले मर्माहत छु ।'- प्रधानमन्त्री देउवा ।

'प्रदीपजीको अभाव नेपाली राजनीतिमा लामो समयसम्म खट्किरहने छ ।' -प्रचण्ड

'एउटा विश्वविद्यालय बन्द भयो ।' - विश्वप्रकास शर्मा

'आफू कहाँ योग्य छु, त्यो थाहा भएका नेता हुन् प्रदीप गिरि ।' -नरहरि अचार्य

'मैले जीवनमा यत्तिको तीक्ष्ण बुद्धि र स्मरण शक्ति भएको अर्को मान्छे भेटेको छैन ।'-गगन थापा

'कर्मले, लेखनले, विचारले, चिन्तनले, समयले र परिश्रमले अहिलेको समाजवादी आन्दोलनका सम्भवतः सबैभन्दा अग्लो व्यक्ति हुन्, प्रदीप गिरि । बौद्धिकता, राजनीतिक सक्रियता र प्रतिबद्धतालाई एकैठाउँमा राखेर हेर्दा प्रदीप गिरि जत्तिको कोही मान्छे अब बाँकी रहेका छैनन् ।' -घनश्याम भुसाल

'मधेसका मात्र होइनन् देशका नेता, टेकनिकल्ली काँग्रेसको नेता भए पनि देशका नेता हुनुहुन्थ्यो ।' -राजेन्द्र महतो

'पद, पैसा र प्रलोभनका लागि सिद्दान्तलाई लात मार्ने समाजमा उहाँ आफ्नै आदर्श, त्याग र ढिपीका एक सिङ्गो टापु र प्रतीक भएर रहनु भयो ।' - दमननाथ ढुंगाना

यी केही प्रस्तुत प्रतिनिधि भनाइलाई प्रतिनिधिमूलक मानेर विश्लेषण गर्दा प्रदीप गिरि नेपाली राजनीतिको कुन धरातल र कहाँ उभिएका छन् भन्ने थाहा हुन्छ । नेताहरूले प्रदीप गिरिको गुणगान उनको मृत्युपछि मात्रै गरेका हुन् ? या उनी जीवित हुँदा नै उनको ज्ञान र बुद्धिको कदर भएको थियो ? पक्कै पनि मार्क्सवादको वृहत् व्याख्या र विश्लेषण गर्न कम्युनिष्ट घटकहरूले प्रदीप गिरिलाई प्रमुख वक्ता बनाएर ठाउँ ठाउँमा लगेबाट उनको ज्ञानको क्षितिज पहिल्याउन सकिन्छ ।

मार्क्सवादी अध्येता घनश्याम भुसाल प्रदीप गिरिको स्मरण गर्दै लेख्छन्, 'कार्ल मार्क्सः व्यक्तित्व र कृतित्व'मा प्रवचन दिन काठमाडौं, धुलिखेल, वीरगंज, पोखरा, नेपालगन्ज सबैतिर गए । एंगेल्सपछि मार्क्सको सबैभन्दा नजिकको साथी उनी नै हुन्, जसरी मार्क्सको जन्म, पालनपोषण, अध्ययन, परिवार, निर्वासन, अभाव रुचि र मजदुर आन्दोलन, विवाद र तत्कालीन युरोपेली विश्व परिस्थितिलाई यसरी व्याख्या गर्थे, जसले श्रोतामा असाधारण प्रभाव पार्थ्यो ।'

गिरिले नेपाली समाजलाई नजकिबाट चिनेका थिए । सोहीअनुसार व्याख्या विश्लेषण र व्यवस्थाको कुरा गर्थे । त्यसैले ओली सरकारको पालामा उनले 'इनफ इज इनफ' भन्दै संसदमा ओली सरकारको चर्को तर तार्किक आलोचना गरेका थिए ।

यही क्रममा ऐतिहासिक तथ्य पस्कँदै जर्मनीको उदाहरण दिएर भारतमा इन्दिरा गान्धी र राजीव गान्धीको प्रचण्ड बहुमतको सरकार असमयमा गिरेको उदाहरण पेश गरेका थिए । संसद्को गणितको भर हुँदैन, केवल प्रजातान्त्रिक मूल्य र मान्यतामा जोड दिएर दम्भ त्याग्न सुझाएका थिए । नेकपाको सरकार यही ढङ्ग र तरिकाले सन्चालन भए गिर्ने उनको सङ्केत आखिर पुष्टि भएर नै छाड्यो । यसर्थ उनी दुरदृष्टि राख्ने र राजनीतिक घटनाक्रमको पूर्व आकलन गर्न सक्ने राजनीतिज्ञ भएको प्रमाणित हुन्छ ।

प्रदीपले मनोगत होइन, वस्तुगत कुरा गरे । सबैलाई मुख फर्काए । विरोधका लागि कसैको विरोध गरेनन् । सैद्धान्तिक विरोध गर्न र मनपरेको कुरामा समर्थन गर्न कसैलाई छोडेनन् । पार्टी अनुशासनको दृष्टिले अराजक र अनुशासनहीन भएर उत्ताउला देखिए तर उनको अराजकतामा पार्टी होइन देश अटाउँथ्यो । त्यसैले २०७२ को संविधानमा हस्ताक्षर समेत गरेनन् । संविधानमा त्रुटी छ भनिरहे ।

उनी पार्टीको पेट बोली नबोलेर आफ्नो अन्तर्य बोल्थे । प्रज्ञा ओकल्थे, जसमा देश दुखेको पक्षदेखि समाधानको गाँठो फुकाउने विचार व्यक्त हुन्थ्यो । २०५१ सालमा सुरू भएको माओवादी जनयुद्धलाई हेर्ने काँग्रेसको दृष्टि आतंककारी भन्ने नै थियो ।

उता एमाले स्थायी समितिले २०५४ साउन २८ गते माओवादीलाई आतङ्ककारी घोषणा गर्दै आतङ्कवाद नियन्त्रणसम्बन्धि कानुन बनाउन सरकारलाई प्रस्ताव गर्यो । त्यसअनुसार तत्कालीन उपप्रधानमन्त्री तथा गृहमन्त्री वामदेव गौतमले विध्वंसात्मक नियन्त्रण विधेयक मन्त्रीपरिषद्बाट अनुमोदन गराएर संसद्मा लगे तर काँग्रेसका नेता प्रदीप गिरिले माओवादी समस्या पूर्णतः आतंकवादी गतिविधि होइन, यो आतंकको छाँयामा गरिएको राजनीतिक गतिविधि हो, जसको सैन्य समाधान होइन, राजनीतिक समाधान खोजिनुपर्छ भन्थे ।

जबकि त्यसबेला माओवादीहरू काँग्रेसलाई खोजी खोजी र एमालेलाई रोजी रोजी सिध्याउने रणनीति अख्तियार गरेर हिंसात्मक गतिविधि गर्थे । त्यसैले प्रदीप गिरि आलोचनाको शिकार पनि बने तर उनको निस्कर्षमा अन्ततः मुलुक पुग्यो । र, माओवादीसँग संसदवादी दलको सहकार्यको वातावरण बन्यो । सरकार र माओवादी २०६३ मंसिर ५ मा शान्ति सम्झौता गर्न आइपुगे । त्यही राजनीतिक परिणतिको कारण आज देश संघीय गणतन्त्रात्मक मुलुक भएको छ ।

शेरबहादुर देउवाको अग्रसरतामा २०५९ असारमा नेपाली काँग्रेस फुट्यो । गिरि देउवा पक्षधर भए । नेपाली काँग्रेस प्रजान्त्रिकलाई मूल काँग्रेस भन्दा फरक देखाउन २०६० मा कदमजमको अवधारणा ल्याएर राज्यमा सबैको प्रतिनिधित्व बढाउने र काँग्रेस संघीयताको पक्षमा जाने नीति पास गर्यो, जसको श्रेय प्रदीप गिरिलाई जान्छ । उनले कर्णाली, दलित, मधेसी, जनजाति र महिलाको लागि समान व्यवस्थाको प्रावधान मात्र होइन, विशेष व्यवस्था र अवसरको कुरा गरेर किनाराकृत वर्गलाई काँग्रेसले ध्यान दिनुपर्ने विशेष पहल लिए र कदमजमको अवधारणालाई प्रयोगमा ल्याउन पार्टीलाई सहमत गराए ।

तसर्थ पनि अन्य राजनीतिज्ञ भन्दा प्रदीपको समाज बुझ्ने चेत अघि थियो भन्न सकिन्छ । समाजलाई हेर्ने आलोचनात्मक दृष्टिकोण निर्माणको पछाडि उनमा हिन्दुस्थानका प्रख्यात समालोचकहरू नामवर सिंह र मैनेजर पाण्डेको प्रभाव देख्न सकिन्छ । एउटा भनाइ छ, 'सैन्यवारमा सेनाको कमजोर किल्लामा हान्नुपर्छ तर वौद्धिक पहलमानीमा प्रतिपक्षको बलियो किल्लामा हमला गर्नुपर्छ ।' विपक्षीको बौद्धिक किल्लामा प्रहार गर्ने खुवी प्रदीप गिरिको थियो । तसर्थ उनीसँग सबैलाई तह लगाउने बौद्धिक कारखाना र उत्पादन थियो । समालोचक खगेन्द्र सङ्ग्रौला भन्छन्, 'गान्धी, मार्क्स, लेनिन, वीपी र केपी

*बाँकी चार पृष्ठमा*


## खाद्य उद्योगी किराना पसल सञ्चालक एवं होटेल, मिठाई पसल रेष्टुरेन्ट सञ्चालकमा खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराजको अनुरोध

१. खाद्य पदार्थ एवं तैयारी खानेकुरालाई छोपेर राख्नुहोला एवं पूर्ण लेवल विवरण भएको पदार्थ प्रयोग गर्नु होला ।
२. बासी सडेगलेका एवं झिंगा भनकेका खानेकुराहरू नबेच्नु होला ।
३. पकाउनु पर्ने वा तारेर खाने कुनै पनि खानेकुरामा रंगको प्रयोग नगर्नुहोला ।
४. तेलको प्रयोगमा सावधानी अपनाउनु होला साथै एउटै तेललाई पटक-पटक प्रयोग नगर्नुहोला ।
५. मिठाईमा हाईड्रो जस्ता अखाद्य रंग प्रयोग नगर्नुहोला ।
६. पिउने पानीलाई स्वच्छ र सफा तरिकाले राख्नुहोला ।
७. खाद्य पदार्थ तैयार गर्ने र बाँड्ने ब्यक्तिको आफ्नो ब्यक्तिगत सर-सफाईमा ध्यान दिनु होला ।
८. किराना पसल सञ्चालकहरुले ब्याच नम्बर उल्लेख नभएको उत्पादन मिति, उपभोग्य मिति सकेको खाद्य पदार्थ बिक्री वितरण नगरौं ।
९. खाद्य उद्योगीले खाद्य अनुज्ञापत्र लिई मात्र उत्पादित खाद्य पदार्थ बिक्री वितरण गर्नुहोला ।
१०. मासु ब्यवसायीले अखाद्य रंगको प्रयोग नगर्नुहोला ।

गुनासोका लागि
खाद्य प्रविधि तथा गुण नियन्त्रण डिभिजन कार्यालय राजविराज, सप्तरी
०३१-५२२५२३

## प्रज्ञाको अलख ...

सबैका प्रभावबाट निर्मित क्वाँटी हुन् प्रदीप ।'

**अराजक थिए प्रदीप**

काँग्रेसका कतिपय तत्कालीन नेताले अपनाएका कतिपय कुरा प्रदीपलाई चित्त बुझेनन् । जस्तो सुवर्णजीले अपनाउनु भएको 'सभक्तिपूर्ण सहयोग" मा वीपीको मेलमिलापको नीति अन्तरविरोधले ग्रस्त रहेको २०४६ भाद्र १६ मा साप्ताहिक विमर्शमा हरिहर विरहीद्वारा लिएको अन्तर्वार्तामा प्रदीप गिरिले विचार व्यक्त गरेका थिए । वीपीसँग असहमत हुनु चानचुने आँट होइन । वीपीलाई मार्क्सवाद र एंगेल्सबारे बुझाउने क्षमता प्रदीपसँग थियो भन्छन् उनका समकालीनहरू ।

पढ्ने र बुझ्ने मान्छेलाई अतिरिक्त स्थान दिन्थे वीपी । त्यसैले प्रदीपले राय बझाउँदा बीपी रिसाएनन् । सुवर्ण समशेरको सभक्तिपूर्ण सहयोग पनि धेरैले राय बझाएको विषय थियो । बनारसमा गिरिजाप्रसादले भौतिक आक्रमण गर्न लगाएको कुरा प्रदीप गिरिको अन्तर्वार्तामा सुन्न पाइएको थियो । शायद प्रदीपको अराजक शैली तथाकथित अनुशासनहीनाताले नै यस्तो भएको होला ।

२०५० सालमा कृष्णप्रसाद भट्टराई उपचुनावमा उठ्न नहुने तर्क गर्दा भट्टराई स्वयंले झपारेको काँग्रेसजन चर्चा गर्छन् । २०७२ को संविधान काँग्रेसले आफ्नो नेतृत्वमा बनाएको थियो तर यसमा अप्रयाप्तता र त्रुटी छ भन्दै प्रदीपले हस्ताक्षर नै गरेनन् । यसबाट उनको पार्टी अनुशासन नमान्ने प्रवृति देखिन्छ ।

राष्ट्र, जात, धर्म, लिङ्ग भूगोल र पार्टीका दास बनेनन् उनी । पार्टी राजनीतिमा यो ग्राह्य हुन नसकेपनि विवेकको आवाज बोल्नेको मर्जीले देशलाई कुभलो गर्दैन । प्रदीपले देशको हित नै गरे । अन्तिम समयमा उपचारको खर्च सरकारसँग मागिदिने शुभेच्छुकको सल्लाहलाई आफ्नो इमानको नाक नकाट्न सुझाएर आफ्नै घरखेत बेचेर उपचार गरे । राज्यकोषबाट करोडौ लिनेलाई उनको यो नैतिक दृष्टान्त गतिलो झापड पनि हो ।

**पस्प्रेम र विवाह**

पत्रकार किशोर नेपालका अनुसार प्रदीप गिरि र शैलजा आचार्य गहिरो प्रेममा थिए । शैलाजकै कारण प्रदीप राजनीतिमा सक्रिय भएका पनि हुन् । तर यो प्रेम कसरी वियोगान्त बन्यो, त्यसबारे अहिले नै केही नभन्ने किशोर नेपालको धारणा छ । शायद प्रदीप गिरिको आत्मकथामा यो छुट्ने छैन । प्रदीपले आफ्नो कथा लेख्दै गरेको कुरा बिभिन्न समयमा पत्रकार सामू भनेका थिए । उनको जीवनको नखुलेका पाटाहरू अवश्य पनि आत्मकथामा समेटिने होलान् ।

प्रदीप गिरिले औपचारिक बिहे गरेको कसैलाई थाहा छैन तर उनी भारती सिलवाल गिरिसँग लिभिङ टुगेदर रहेको सबैलाई थाहा थियो । मृत्युपछि भारती सिलवालसँग कानुनी रूपमा नै बिहे भैसकेको र उनको छोरा सन्तोषलाई प्रदीपले आफ्नो थर र गोत्र दिएर बाबु बनेको प्रसंग प्रदीपको देहावसानपछि घनिभूत भएर आएको छ ।

आफ्नो बिहे हुनु दुई वर्षअघि नै प्रेमिकासंग भागौँ कि भनेर प्रदीप गिरिले भनेको कुरा नेतृ सरिता गिरिले खुलासा गरेकी छन् । सरिता प्रदीपका काइँलो भाइ लक्ष्मण गिरिकी श्रीमती हुन् । तर उनको प्रसङ्ग बिहे नहुँदै र भाइले सरिता गिरि बिहे गरेको पनि पछि मात्र थाहा भएको सरिताले उल्लेख गरेकी छन् । पत्रकारहरूले बिहे र महिलाबारे सोध्दा महिलाको बारेमा नबोल्ने महिलालाई इर्श्या हुन्छ भनेर छलिने गरेका थिए । महिलासँगको सम्बन्ध र रुचिले प्रदीप रोमान्टिक नै थिए भन्न सकिन्छ ।

**शिक्षा र रूचि**

प्रदीप गिरिले कति किताव पढे, त्यसको लेखाजोखा छैन । तर उनले बेजोड पढे । समाजको मन मस्तिष्क झन्झन् पार्ने ज्ञान किताब पढेर नै बटुले । प्रदीपलाई दर्शनशास्त्र र अर्थशास्त्रका जवाहरलाल नेहरु विश्वविद्यालयका स्नातकोत्तर मात्रै भनियो भने उनको ज्ञानको सङ्कुचन हुन्छ । त्यो केवल औपचारिक शिक्षा मात्रै थियो । नेपाली, अंग्रेजी, हिन्दी र संस्कृत भाषामा विशेष दखल राख्ने प्रदीप पूर्वीय वाङ्मयमा प्राधिकार व्यक्तिका रूपमा चिनिन्छन् ।

त्यस्तै, पश्चिमा फिलोसोफी र ज्ञानमा पनि उत्तिकै अब्बल थिए उनी । मार्क्सवादबारे उनको जति ज्ञान र क्षमता दक्षिण एशियामा नै अरुसँग थिएन भनेर तर्क गर्ने वमपन्थीहरू नै छन् । रामायण, महाभारत, पुराण मार्क्स, गान्धी, वीपी साहित्य कला सङ्गीत संस्कृति सबै पढेर पचाए ।

पूर्वीय साहित्य सङ्गीत र पश्चिमी दुवैमा भारी क्षमता प्रदर्शन गर्ने गिरि प्राथमिकता तय गर्न लगाउँदा साहित्य, अध्यात्म र राजनीति भन्थे । पठन सौख र नशा थियो । वीपी विचारलाई अध्यावधिक र जीवन्त गर्ने, पठन, विपठन र पुनर्पठन संस्कृतिका शिखर नै लाग्थे । दर्जनौं पुस्तक लेखे, अनुवाद गरे ।

उनले लेखेका, सम्पादन गरेका केही चर्चित पुस्तकबारे उनका समिपमा रहने लेखक राजनीतिकर्मी शङ्कर तिवारीले जानकारी दिएका थिए । लेनिनको जीवनी, नारी, मार्क्सवाद र अर्थशास्त्र, रोजा लक्जेम्बर, गान्धी, काँग्रेस माओवाद र मधेसलगायत विषयमा छन् उनका पुस्तक । उनले बनारसमा बस्दा समताको पत्रिकाको सम्पादक भएर पनि काम गरेका थिए ।

**यस्तो चाहन्थे गिरि**

अहिलेको जस्तो पाँच पाँच वर्षमा चुनाव गर्ने कोही निर्वाचित भएर आउने सरकार चलाउने पद्दतिबाट नेपालको विकास हुन् सक्दैन । नेपाल युरोप जस्तो होमोजिनियस् सोसाइटी होइन । त्यसैले समाजको शक्तिलाई विकेन्द्रीत गरेर भुइँतहका मान्छेसम्म पुर्याउनु पर्छ, भुइँ तहमा प्रजातन्त्रको अभ्यास गर्न पाउनुपर्छ भन्नेमा उनको जोड थियो ।

राजनीतिक व्यवस्था भन्दा मर्ममा जोड दिन्थे उनी । लामो समय एकै मान्छेको नेतृत्वमा भइ रहनु हुँदैन भन्थे । नेपाली समाजलाई चिनेका थिए । सोहीअनुसार व्याख्या विश्लेषण र अर्थ व्यवस्थाको कुरा गर्थे । गाउँलाई आधुनिक सुविधायुक्त सभ्यताको मानक किन नबनाउने ? भनेर ग्रामीण विकासको धारणा सत्ताधारीसँग नभएकोमा क्षुब्ध हुन्थे । हाम्रो अर्थतन्त्र समाजवादउन्मुख कि दलालवाद उन्मुख ? प्रश्न तेर्स्याइ रहन्थे ।

काँग्रेसका नेता र अर्थमन्त्रीलाई धान र गहुँ छुट्याउन नसक्ने अमेरिकामा पढेका अर्थमन्त्री भनेर व्यङ्ग गर्थे । शिक्षा, स्वास्थ्य र बाँच्न पाउने जस्ता जनताका आधारभूत कुरा राज्यको संरक्षणमा हुनुपर्छ भनेर वकालत गर्थे । साहित्य, कला, राजनीति, इतिहास, दर्शन, संस्कृति, भाषा, मिथ, समाजशास्त्र, अर्थशास्त्र, राजनीतिशास्त्र सबैका अन्तर्विषयक शिक्षक थिए । कम्युनिष्ट शिविरका प्रिय शिक्षक बने, जसको कारण वामवृत्तल पनि गिरिको महाप्रस्थानले रिक्तता महशुश गरेको छ ।

**समाजवादका आफै दृष्टान्त**

चर्चित राजनीतिज्ञ डा तुलसी गिरीका भतिजा प्रदीप काँग्रेस नेता मित्रलाल गिरीका पुत्र थिए । सानैदेखि राजनीतिक परिवारमा हुर्केका गिरि आमा पुण्यप्रभा गिरीको शालीनताको सधैँ तारिफ गर्थे । राजनीतिको दौडानमा २०२५ र २०४२ गरी दुई पटक ४ वर्षको जेल जीवन व्यतित गरेका गिरि नेपाली राजनीतिका सुनौला नक्षेत्र थिए ।

बहुआयामिक व्यक्तित्व भएका प्रदीप बनारसमा २०२४ मा नेपाल छात्र सङ्घको चुनावबाट निर्वाचित उपाध्यक्ष बनेर पदीय दायित्व बोकेका पार्टीको केन्द्रीय सदस्य र संसद भन्दा माथि जान चाहेनन् । चुनाव हार्दा पनि मन्त्री बन्ने बाटो छेकिएको भनेर प्रसन्न हुने गिरि सत्ताको राजनीतिभन्दा कोसौ टाढा बसेर रेफ्रीको भूमिकामा बसे । 'वाच डग' बनेर देशलाई नै खबरदारी गरिरहे ।

प्रजातान्त्रिक समाजवादका व्याख्याता होइन, दृष्टान्त थिए उनी । आफ्नो जन्मस्थल बस्तीपुर, सिरहामा मित्र आश्रम खोलेर सेवाभावमा निर्लिप्त थिए । उनको आश्रममा समाजका सबैभन्दा पिंधमा रहेका सीमान्तकृत वर्ग चमार डोम लगायत दलित भान्सेको दर्जामा थिए, जसले उनको समाजवादी शैली र चिन्तनलाई प्रतिनिधित्व गर्थ्यो । गिरि साधारण भएर रहन्थे । काँग्रेसमा भीमबहादुर तामाङ, रामहरि जोशी, सुशील कोइराला र गिरिलाई सादगी र समाजवादी जीवन शैलीका नेताको रूपमा चिनिन्छ ।

सुशीला कार्कीका पति दुर्गा सुवेदी काँग्रेसका क्रान्तिकारी नेता थिए । विराटनगरबाट प्लेन हाइज्याक गरेर फारवेसगन्ज पुर्याएर तीस लाख भारु नेपाली काँग्रेस नेता गिरिजाप्रसादलाई सुम्पने पार्टीका साहसी कार्यकर्ता थिए दुर्गा । उनी राजनीतिबाट पर बसेकोमा गिरिको दुःखेसो अन्तिम बेलासम्म राखेको सुशीला कार्कीको स्मरण छ । गिरिले सुशीललाई भनेका थिए, मेरो बाघ जस्तो साथीलाई बाँधेर राखिदिएकी छौ ।

पार्टी भित्र गिरिलाई आराजक मानिन्थ्यो । गिरि मार्क्सवाद पढाउन कम्युनिष्टहरूको संगठनमा पनि पुग्थे । मार्क्सवादबारे भीषण ज्ञान राख्थे । तसर्थ किन काँग्रेसमै बसिरहनु हुन्छ ? भन्ने प्रश्नमा उनी भन्थे, 'मेरो स्वतन्त्र चिन्तन र अभिव्यक्तिमा कहिल्यै काँग्रेस बाधक छैन । त्यसैले म काँग्रेस ।'

**कमजोरी र आलोचना**

प्रदीप गिरि आम मान्छे हुनुको अर्थमा कमजोरीसहित नै स्थापित नेता हुन् । उनलाई मान्छेको दर्जामा समीक्षा गरौं, ईश्वरीय आवरण मात्रै प्रदान नगरौं । उनको अवगुण छोपियो भने इतिहासमाथि अन्याय हुन जान्छ । प्रदीप गिरिको दाम्पत्य सम्बन्ध उनको आदर्श अनुकूल थिएन । उनी दिनभर सुत्ने र रातभर पढने गर्थे, जुन रुटिन असामाजिक हो । सधैँ संसदमा उपस्थित हुँदैनथे । यदाकदा कार्यकर्तालाई अभद्र व्यवहार गर्थे, डेरा बसेको घरमा घरबेटीसँग उनको लेनदेनको मामलामा किचकिच हुन्थ्यो । साफी हिसाब किताब राख्दैनथे ।

कहिलेकाही रातभर ठूलो भोलुममा म्युजिक बजाएर छिमेकको निद्रामा डिस्टर्ब गर्थे । समाज बदल्नेले कार्यकारी भूमिका ग्रहण गरेर आफ्नो क्षेत्रमा परिवर्तन गरेर देखाउन सक्नुपर्छ तर जिम्वेवारी लिने कामबाट भागेर हिंडे, फकिर थिए । यसरी उनका बारेमा सुनिएका, देखिएका यावत कुराले उनलाई पनि कमजोरी भएका मान्छेका रूपमा देखाउँछ ।

तसर्थ, प्रदीपलाई ईश्वरीय आवरण ओढाइदिएर एउटा मान्छे हुनुको अर्थ गुमाउन दिनु हुँदैन । मान्छेलाई त्रुटिसहित नै मूल्याङ्कन गर्नु वस्तुवादी हुनु हो । प्रदीप नेपाली राजनीतिका उच्च नैतिकता भएका दुर्लभ पात्र मध्येका एक हुन् उनी । इमान, नैतिकता र देशको माया क्षय हुँदै गएको वर्तमान परिपेक्षमा प्रदीप गिरिको महायात्राले शून्यता थपिदिएको छ । मृत्यु शाश्वत हो । जन्मकै दिन मृत्यु अनिवार्य शर्तनामा गरिएको हुनाले मृत्यु अस्वाभाविक होइन । तथापि वियोगमा पीडा हुँदोरहेछ । ज्ञानको एउटा सत्ता गर्लम्म ढलेको छ । प्रदीप दाइ तपाईको महायात्रा सहज होस् । शब्द श्रद्धाञ्जली ।

लेखक त्रिभुवन विश्वविद्यालय, कीर्तिपुरमा एमफिल-पिएचडी अनुसन्धाता हुन् । रातोपाटीबाट


दर्ता नं. ११/०६८/०६९

**जनज्योति कृषि सहकारी संस्था लिमिटेड**

मुख्य कार्यालय मलेठ-९ , सप्तरी

पान नं. :- ३०५११४४१७

चलानी नं. :-

पत्र संख्या :- २०७९/०८०

प्रकाशित मिति : २०७९।०५।१०

**विषय : लेखापरीक्षक आवश्यकता सम्बन्धी सुचना**

संचालक समितिको मिति २०७९।०५।१० गते बसेको बैठकको निर्णय बमोजिम यस जन ज्योति कृषि सहकारी संस्थाको आ.व.२०७९।०८०को लेखा परिक्षण गर्न लेखापरीक्षक आवश्यकता भएकोले ईच्छुक दर्तावाला चार्टड एकाउन्टेन्टस् एशोसिएट्सहरुवाट तपसिलका कागजातहरु र लेखा परीक्षण शुल्क ( कर समावेश गरिएको) सहितको प्रस्ताव आव्हान गरिन्छ ।

**(क) कार्य विवरण**

१) संस्थाको आ.ब २०७९।०८० को प्रत्येक त्रैमासिक आन्तिरिक लेखा परीक्षण गरी बार्षिक लेखा परीक्षण पेश गर्ने ।
२) कर योजना र कर परीक्षण कार्यमा सहयोग गर्ने ।
३) विधान ऐन नियम अनुसार नीतिगत सुधार तथा संशोधनको लागि आवश्यक राय सुझाव पेशगर्ने

**ख) आवश्यक कागजातहरु**

१) नविकरण भएको दर्ता प्रमाण पत्रको प्रमाण्ति प्रतिलिपी ।
२) नविकरण भएको पेशागत प्रमाण पत्रको प्रतिलिप
३) कर चुक्ता प्रमाण पत्रको प्रतिलिपी आ.ब. २०७८।०७९ को ।
४) प्यानभ्याट दर्ता प्रमाण पत्रको प्रतिलिपी
५) कम्पनीर एशोसियट्सको प्रोफाईल ।

**ग) अन्य**

१) फारम भर्ने अन्तिम मिति २०७९।०५।१७ गते सम्म ।
२) लेखा परिक्षण शुल्क आपसी समझदारीमा साधारण सभाबाट पारित भए बमोजिम

जन ज्योती कृषि सहकारी संस्था
राजविराज ९, मलेठ सप्तरी
सर्म्पक न. ०३१५९०६०१,६०२
इमेल: janajyoticoop@gmail.com



**भावपूर्ण श्रद्धाञ्जली**



जन्म मिति
बि. सं. २०३७/८/६

स्वार्गारोहण
बि. सं. २०७९/०५/०२

**स्व. अनुराधा मेहता**

यस संस्थाका शेयर सदस्य राजविराज वडा नं. ९ मलेठ निवासी मृदुभासी, अति मिलनसार श्रीमती अनुराधा मेहताको मोटरसाईकल दुर्घटनामा परी निधन भएकोले हामी स्तब्ध भएका छौं । मृत आत्माको चिरशान्तिको काममा गर्दै निजका श्रीमान बिजय मेहता लगायत शोकाकुल परिवारजनप्रति हार्दिक समवेदना व्यक्त गर्दछौं ।

**जनज्योती कृषि सहकारी संस्था लि.**
राजविराज ९, मलेठ, सप्तरी

# राष्ट्रिय भुमि आयोगद्वारा प्रगति विवरण सार्वजनिक

**राजविराज**/राष्ट्रिय भुमि आयोग जिल्ला समिति सप्तरीले आफ्नो चार महिने कार्यकालको प्रगति विवरण सार्वजनिक गरेको छ ।

आयोजित पत्रकार सम्मेलनको जिल्ला समिति सप्तरीले २०७९ बैशाख पहिलो सातामा पुर्णता पाई जिम्मेवारीमा आएपछि चार महिनाको छोटो अवधिमा गरेका कामहरुको प्रगति विवरण सार्वजनिक गरेको हो ।

प्रगति विवरण प्रस्तुत गर्दै समितीका अध्यक्ष हरेराम यादवले यस अवधीमा सुकुम्वासीलाई जग्गा उपलब्ध गराउने र अव्यवस्थित वसोवासलाई व्यवस्थापन गर्ने प्रयोजनका लागी जिल्लाको १८ मध्ये पहिलो चरणमा अग्नीसाइर कृष्णासवरण गाउँपालिका र तिलाठी कोइलाडी गाउपालिकासँग द्विपक्षिय सम्झौता गरी कार्य अघि बढाइएको जानकारी दिए ।

विगतका आयोग, समिती र कार्यदलमा बुझाइएको निवेदन र अन्य कागजातहरु भिकाई अध्ययन गरी अन्तिम निर्णयमा पुग्ने सो अवसरमा जानकारी गराइएको छ ।

यस क्रममा अग्नीसाईर कृष्णासवरण गाउँपालिकाको विभिन्न वडामा नाप जाँचको काम भइरहेको तथा तिलाठी कोइलाडी गाउँपालिकाको ८ वडा मध्ये १ र २ वडा वाहेक सबैमा लगत कार्य सम्पन्न भइसकेको उनले जानकारी दिए ।

यस्तै कंचनरुप, सप्तकोशी, हनुमाननगर कंकालिनी, डाक्नेश्वरी, शम्भुनाथ, सुरुङ्गा, खडक र बोदेवर्साईन नगरपालिका तथा रुपनी र महदेवा गाउँपालिका संग पनि नयाँ सम्झौताको काम पुरा भई लगत संकलन सम्बन्धि ३५ दिने म्याद सहित सूचना प्रकाशित गरिएको पत्रकार सम्मेलनमा जानकारी गराइएको छ ।

सम्झौता अनुसार सम्बन्धित पालिकाले सेवा केन्द्र संचालन गरी पालिका स्तरीय सहजीकरण समिति गठन गर्ने कार्य समेत तिब्र बनाएको पत्रकार सम्मेलनमा समितीका सदस्य समेत रहेका नापी कार्यालयका प्रमुख शत्रुघन प्रसाद यादवले जानकारी दिए ।

पत्रकार सम्मेलनमा समितीका सदस्य पञ्चदेव चौधरी, हरिनारायण महतो, अनार कुमारी चौधरी लगायतको समेत उपस्थिती रहेको थियो ।

# बाबा गणिनाथ महोत्सव मनाइए



**राजविराज**/हलुवाई, तेली, कडोरिया लगायत विभिन्न १७ जातजातिले बाबा गणिनाथको महोत्सव शनिबार धुमधामका साथ मनाएका छन् । ती जातिले बाबा गणिनाथलाई कुल देवताको रुपमा पुज्दै आएका छन् ।

यस अवसरमा राजविराज ७ थानगाछीस्थित गणिनाथ मन्दिरलाई बेहुँली झैं सिंगारिएको छ भने ठाउँ ठाउँमा शोभायात्रा निकालिएको छ । यस्तै विभिन्न ठाउँमा झाँकी, शोभायात्रा र बाबा गणिनाथको पूजापाठ गरि महोत्सव मनाइएको छ ।

राजविराजमा बाबा गणिनाथ महोत्सव आयोजक समितिद्वारा बाबा गणिनाथको भव्य चित्रसहित शोभायात्रा निकालिएको छ । शोभा यात्रामा सयौं महिला, पुरुष र बालबालिका नाचगान गर्दै सहभागि भए । महोत्सव आयोजक समितिका अध्यक्ष महेश प्रसाद साहका अनुसार यस अवसरमा बाबा गणिनाथको मन्दिरमा प्रसाद वितरण, भजन सन्ध्या, प्रवचन लगायतका धार्मिक कार्यक्रमको आयोजना गरिएको छ ।

कुल देवता बाबा गणिनाथको जन्म यसै दिन भएको मान्यता अनुसार प्रत्येक वर्ष शोभा यात्रा, झाँकी, भजन सन्ध्या लगायतका धार्मिक कार्यक्रमको आयोजना गरिएको छ ।

### एमालेले नागरिकता ...

प्रमाणिकरण नगरि फिर्ता पठाइदिन दवाब दिनु यो दोहोरो चरित्र हो भन्दै उनले सुरु देखिनै मधेश बिरोधी रहेका ओली र उनको नेतृत्वको पार्टीमा अहिले पनि त्यो मानसिकता कायमै छ भन्ने कुराको पुष्टि गरेको उल्लेख गरे ।

वर्षौंदेखी नागरिकताबाट बञ्चित रहेका देशका नागरिकलाई नागरिकता दिन खोज्दा केपी ओलीले गैरनागरिक नै बनाइराख्न चाहेको भन्दै उनले यसका बिरुद्ध सडकदेखी सदनसम्म संघर्ष जारि राख्ने उद्घोष गरे । उनले मधेशको इतिहास नेपालको इतिहास भन्दा हजारौं वर्ष पुरानो रहेको दाबी गर्दै इतिहास मेटाउन खोज्नेलाई जनताले उचित जवाफ दिने चेतावनी पनि दिए ।

जिल्ला अध्यक्ष केदार यादवको अध्यक्षतामा आयोजित कार्यक्रममा कृषि तथा पशुपंक्षी मन्त्री मृगेन्द्र कुमार सिंह यादव, मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, सामाजिक विकास मन्त्री नवलकिशोर साह, पार्टीका प्रवक्ता मनिष सुमन, प्रेस मञ्चका महासचिव अवधेश कुमार झालगायतका वक्ताहरुले बोल्दै पार्टीलाई अगामी प्रतिनिधि सभा र प्रदेश सभाको निर्वाचनमा सम्मानजनक जित दिलाउन अपनाउनु पर्ने नीति बारे आफ्नो धारणा राखेका थिए ।

### जसप सप्तरीका ...

नवप्रवेशीहरुलाई जसपा अध्यक्ष उपेन्द्र यादव, कृषि तथा पशुपन्छी विकास मन्त्री मृगेन्द्र कुमार सिंह यादव, मधेश प्रदेशका अर्थमन्त्री शैलेन्द्र प्रसाद साह, सामाजिक विकास मन्त्री नवलकिशोर साह, पार्टी प्रवक्ता मनिष सुमन लगायतले अविर र माला लगाई स्वागत गरेका थिए ।


## सूचना । सूचना ॥ सूचना ॥।

## कानको शल्यक्रिया हुने सम्बन्धी सूचना

२०७९ भदौं १९ गतेदेखी २२ गतेसम्म इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र राजविराजको आयोजनामा टिचिङ हस्पिटल काठमाडौंका नाक, कान, घाँटी रोग विभागका विशेषज्ञ डाक्टरहरुद्वारा कानको शल्यक्रिया शिविर हुन गइरहेको व्यहोरा सेवाग्रहीहरुमा जानकारी गराइन्छ । तसर्थ कानका रोगीहरु समयमा आफ्नो कानको जाँच गराई मौकाको फाइदा उठाउनुहुन अनुरोध छ ।

**शल्यक्रिया हुने स्थान :** प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी
(सगरमाथा चौधरी आँखा उपचार केन्द्रको प्राङ्गनमा)

**सम्पर्क नं.** ०३१-५९०००५
**नरेश कुमार यादव :** ९८०४७४२२८०, ९७४२२७०७८४

**आयोजक**
IMPACT Nepal
इम्प्याक्ट नेपाल, प्राथमिक कान उपचार केन्द्र
राजविराज ९, मलेठ, सप्तरी



डा. कालीप्रसाद यादव
M.B.B.S.,MD Internal Medicine
(NAMS Bir Hospital, Kathmandu)
Consultant Physician
कन्सलटेन्ट फिजिसियन
मधुमेह(चिनी रोग), प्रेशर, मुटु रोग, दम तथा श्वासप्रश्वास, कलेजो, मृगौला, छाती, पेट, थाईराईड तथा नशा रोग
हाल कार्यरतः गजेन्द्र नारायण सिंह अस्पताल, राजविराज
जय श्री कृष्ण फार्मेसी, ९८१९७२१५२६, ९८१७७८१९८७



डा. ललन प्रसाद रौनियार
Dr. Lalan Prasad Rauniyar
MBBS (BPKIHS) Dharan, MD Paediatrics (BPKIHS) Dharan, NMC Reg. No. : 13338
कन्सलटेन्ट बाल रोग विशेषज्ञ
वरिष्ठ नवजात शिशु तथा बालरोग
सम्पर्क : जयश्री कृष्ण फार्मेशी
गजेन्द्र नारायण सिंह अस्पताल (दक्षिण गेट), हनुमाननगर रोड, राजविराज, सप्तरी
Phone : 031-533774
Mo. No : 9819721526, 9852820734


## अन्तर्राष्ट्रिय समाचार

### भारत, पाकिस्तान र मलेसियामा क्रमशः कम हुँदै कोरोना

**नयाँदिल्ली**/भारत, पाकिस्तान र मलेसियामा अघिल्ला दिनका तुलनामा कोरोना सङ्क्रमण दर क्रमशः घट्दै गएको छ । सरकारले शनिबार सार्वजनिक गरेको विवरणअनुसार बितेका २४ घण्टामा नौ हजार पाँच सय २० जनामा सङ्क्रमण पुष्टि भएको छ । देशमा हाल ८७ हजार तीन सय ११ जना सक्रिय सङ्क्रमित छन् ।

यसैगरी छिमेकी पाकिस्तानमा सोही अवधिमा दुई सय ९० जना नयाँ सङ्क्रमित थपिएका छन् भने दुई जनाको मृत्यु भएको छ ।

पाकिस्तानमा कोरोना लागेर ज्यान गुमाउनेहरूको सङ्ख्या तीस हजार पाँच सय ७१ पुगेको छ । सिन्ध प्रान्त महामारीबाट सर्वाधिक प्रभावित भएको तथा र पञ्जाव प्रान्तले उसलाई पछ्याइरहेको अधिकारीहरूले बताएका छन् ।

यसैबीच, मलेसियामा कोरोना लागेर छ जनाको मृत्यु भएको तथा तीन हजार एक सय १८ जना नयाँ बिरामी थपिएका छन् । शुक्रबार मध्यरातसम्मको विवरण सार्वजनिक गर्दै स्वास्थ्य अधिकारीहरूले अझै पनि देशभर ३७ हजारभन्दा बढी सक्रिय सङ्क्रमित रहेका बताएका छन् । एजेन्सी

### अमेरिकाद्वारा तीन हजार मेट्रिकटन खाद्यान्न सहयोग

**अमेरिका**/संयुक्त राज्य अमेरिकाले अमेरिकी कृषि मन्त्रालय (यूएसडीए)मार्फत् र सेभ द चिल्ड्रेनसँगको साझेदारीमा श्रीलङ्काका विद्यालयका बालबालिकाको पोषणका लागि तीन हजार मेट्रिकटन खाद्यान्न सहयोग गरेको छ ।

"अमेरिकी जनताबाट प्राप्त यो दानले सबैभन्दा आर्थिकरूपमा कमजोर श्रीलङ्काका बालबालिकालाई लक्षित गर्दछ र उनीहरूलाई खाद्यान्न अभावको चिन्ताबाट मुक्त गरी विद्यालयको पढाइमा ध्यान केन्द्रित गर्न सक्षम बनाउनेछ ।

श्रीलङ्कास्थित अमेरिकी दूतावासले शुक्रबार जारी गरेको विज्ञप्तिमा भनिएको छ, "सबै श्रीलङ्कालीलाई देशको स्वतन्त्रतापछिको सबैभन्दा खराब आर्थिक सङ्कटबाट अघि बढ्न सहयोग गर्ने अमेरिकी प्रतिबद्धताको प्रमाण सहयोग गरिएका पौष्टिक खाद्यान्न हुनेछ ।

राजदूत चुङ, श्रीलङ्काका शिक्षामन्त्री सुसिल प्रेमजयन्था, स्वास्थ्य मन्त्रालय, राष्ट्रिय योजना विभाग र सेभ द चिल्ड्रेनका प्रतिनिधिको उपस्थितिमा उक्त सहयोग हस्तान्तरण गरिएको हो ।

यो सहयोग 'यूएसडीए म्याकगभर्न-डोल इन्टरनेसनल फुड फर एजुकेसन एण्ड चाइल्ड न्युट्रिसन प्रोग्राम'को एक हिस्सा हो । भोकमरी कम गरेर साक्षरता र विद्यालय उपस्थिति सुधार गर्न खाद्य असुरक्षितलाई तत्काल आपतकालीन सहायता प्रदान गर्ने उद्देश्यले पाँच वर्षको दुई करोड ६० लाख अमेरिकी डलरको परियोजना हो ।

'यूएसडीए र यसको साझेदार सेभ द चिल्ड्रेनले श्रीलङ्का सरकार र स्थानीय समुदायसँग मिलेर सबैभन्दा बढी खाँचोमा परेकालाई खाना पुऱ्याउन काम गरिरहेका छन् ।

विज्ञप्तिमा भनिएको छ, "यो सहयोगले विश्वव्यापीरूपमा खाद्य सुरक्षा अभियानलाई विस्तार गर्न र जीवन बचाउन र दुःख कम गर्न तत्काल आपतकालीन सहायताको रेकर्ड मात्रा प्रदान गर्न अमेरिकी प्रयासलाई प्रतिबिम्बित गर्दछ ।

यसका अतिरिक्त अमेरिकाले यस वर्ष श्रीलङ्कालाई १७ करोड ९० लाख अमेरिकी डलरभन्दा बढीको नयाँ सहायताको घोषणा गरेको छ । जुनयता मात्र करिब तीन करोड २० लाख अमेरिकी डलर नयाँ मानवीय र प्राविधिक सहायता श्रीलङ्का आएको छ ।

यसै महिनाको सुरुमा अमेरिकी विदेशमन्त्री एन्टोनी ब्लिन्केनले आसियान क्षेत्रीय मञ्चको सम्मेलनका क्रममा श्रीलङ्काका विदेशमन्त्री अली साबरीलाई नोमपेनमा भेट्नुभएको थियो ।

श्रीलङ्कामा खाद्यान्न र इन्धनको अभावका कारण ठूलो सङ्ख्यामा मानिस प्रभावित हुँदा देशले गम्भीर आर्थिक सङ्कटसँग जुधिरहेको छ । कोभिड-१९ को महामारी सुरु भएदेखि नै यहाँको अर्थतन्त्र प्रभावित रहेको छ । एजेन्सी

### फिफाले भारतीय फुटबल महासंघमाथिको प्रतिबन्ध हटायो

**स्विट्जरल्याण्ड**/अन्तरराष्ट्रिय फुटबल महासङ्घ (फिफा) ले अखिल भारतीय फुटबल महासङ्घ (एआईएफएफ)बाट निलम्बन फुकुवा गरेको छ ।

स्विट्जरल्याण्डको जुरिचमा भएको फिफाको बैठकले भारतीय फुटबल महासङ्घमाथिको निलम्बन फुकुवा गरेसँगै अक्टोबर ११ देखि ३० सम्म आयोजना हुने फिफा यू-१७ महिला विश्वकप २०२२ लाई पूर्वनिर्धारित कार्यक्रमअनुसार भारतमा आयोजना गर्न सकिने भएको फिफाले शुक्रबार जानकारी गराएको हो ।

"यसै सन्दर्भमा फिफाको कार्यकारी समिति, ब्युरो अफ द काउन्सिलले २५ अगस्ट २०२२ मा एआईएफएफको निलम्बन तत्काल कार्यान्वयन हुने गरी फुकुवा गर्ने निर्णय गरेको थियो । यसले गर्दा सन् २०२२ को अक्टोबर ११ देखि ३० सम्म हुने फिफा यू-१७ महिला विश्वकप २०२२ भारतमा आयोजना गर्न सकिने फिफाले जनाएको छ ।

एआईएफएफलाई चुनाव गराउने दिशामा अपनाइने अर्को कदमको सम्बन्धमा चाँडै नै थप पत्राचार गरिने फिफाले जनाएको छ । "फिफा र एएफसीले स्थितिको निगरानी जारी राख्नेछन् र एआईएफएफको समयमै निर्वाचन गर्न सहकार्य गर्नेछन्," फिफाको विज्ञप्तिमा भनिएको छ ।

फिफाले एआईएफएफको कार्यकारी समितिको अधिकार ग्रहण गर्न गठन गरिएको प्रशासकको समितिको म्यान्डेट समाप्त भएको र एआईएफएफ प्रशासनले एआईएफएफको दैनिक मामिलामा पूर्णनियन्त्रण प्राप्त गरेको पुष्टि गरेपछि यो निर्णय लिइएको थियो । एजेन्सी

# अवैध रुपमा भारततर्फ लैजादै गरेको १० बाछ्रासहित एक पक्राउ



**राजविराज**/अवैध रुपमा नेपालबाट भारततर्फ लैजादै गरेको १० वटा बाछ्रासहित एक जना पक्राउ परेका छन्।

सशस्त्र प्रहरीको टोलीले शुक्रबार साँझ सप्तरीको तिलाठी कोइलाडी गाउँपालिका २ लौनियास्थित नहर क्षेत्रबाट सोही वडा निवासी २५ वर्षिय लालमहम्मद मियाँलाई १० वटा बाछ्रासहित पक्राउ गरेको हो।

शसस्त्र प्रहरी बल तिलाठी पोष्टका सहायक प्रहरी निरिक्षक कृष्णकुमार भण्डारी नेतृत्वको गस्ति टोलीले बाछ्रासहित मियाँलाई नियन्त्रणमा लिएको शसस्त्र प्रहरी बल नेपाल गण नं. ६ हेडक्वाटर सप्तरीका प्रहरी उपरिक्षक प्रदिप खडकाले जानकरी दिए।

बरामद बाछ्रासहित मियाँलाई आवश्यक कारवाहीका लागि तिलाठी कोइलाडी गाउँपालिकासहित राजविराज भन्सार कार्यालयमा बुझाइएको सशस्त्र प्रहरी बल सप्तरीले जनाएको छ।

# प्रधानमन्त्री बन्न कै लागि ओलीले एकता गरेको पोखरेलको आरोप




**राजविराज**/नेकपा (माओवादी केन्द्र) का उपमहासचिव गिरिराजमणी पोखरेलले तत्कालिन नेकपा एकताबाट ओली प्रधानमन्त्रि बन्न कै लागी मात्र एकता गरेको आरोप लगाएका छन्।

राजविराजस्थित महेन्द्र बिन्देश्वरी बहुमुखि क्याम्पसमा शनिवार नेपाल राष्ट्रिय प्राध्यापक संगठन मधेश प्रदेशको चौथो अधिवेशनको उद्घाटन गर्दै उनले सो आरोप लगाएका हुन्।

उनले राजनीतिक मुद्दामा सर्वोच्च अदालतले हात हालेर नेकपा पार्टी फुटाएको आरोप समेत लगाउदै ओलीको सरकारले नै विधेयकको रुपमा ल्याएको नागरिकता सम्बन्धित वर्तमान विधेयकमा अप्रवाशिकको हकमा मात्र थप प्रावधान राखेको बताए।

नेकपा (माओवादी केन्द्र) भित्रको आन्तरिक संघर्षलाई प्रतिनिधिसभा र प्रदेशसभा सदस्यका निर्वाचन अगामी मंसिर ४ गतसम्मको लागी पार्टी भित्रको संघर्षलाई थाती राखी निर्वाचनमा सक्रियताका साथ एक जुट भएर लाग्न नेता, कार्यकर्तालाई उनले आग्रह पनि गरे।

संगठनका संयोजक कृष्णकुमार यादवको अध्यक्षतामा सम्पन्न कार्यक्रममा नेकपा (माओवादी केन्द्र) का केन्द्रिय सदस्य तथा शिक्षा राज्यमन्त्री बोधमाया यादव, पार्टीका केन्द्रिय सदस्य तथा मधेश प्रदेश गृह तथा संचार राज्यमन्त्री रुबी कुमारी कर्ण, विष्णु खनाल, उमेश लम्साल, महेश गजमेर, डा. सुशिल कुमार कर्ण लगायतले अधिवेशनको सफलताको शुभकामना दिएका थिए।

सो अवसरमा नेकपा (माओवादी केन्द्र) का स्थायी सदस्य तथा पुर्व मन्त्रि विश्वनाथ साह, नेकपा (माओवादी केन्द्र) का पोलिटब्युरो सदस्य तथा पुर्व मन्त्रि उमेश यादव, पार्टीका पोलिटब्युरो सदस्य तथा सप्तरी जिल्ला ईन्चार्य अशोक मण्डल, केन्द्रिय सदस्य सुर्यनाथ यादव, मधेश प्रदेश पुर्व सदस्य महेश यादव, भागवत यादव, अनेकि महासंघका हरी नारायण महतो, पत्रकार देवराम यादव लगायतको उपस्थिती रहेको थियो।

# समाजवादी प्रेस संगठनको स्थापना दिवसमा रक्तदान

**राजविराज**/समाजवादी प्रेस संगठन सप्तरीले शनिबार रक्तदान कार्यक्रम गरी आफ्नो स्थापना दिवस मनाएको छ।

शनिबार गजेन्द्र नारायण सिंह अस्पताल परिसरमा रहेको रक्तसंचार केन्द्रमा रक्तदान कार्यक्रमको आयोजना गरि संगठनले आफ्नो स्थापना दिवस मनाएको हो।



रक्तसंचार केन्द्रका इन्चार्ज नविन झाको समन्वयमा आयोजित रक्तदान कार्यक्रममा संगठनका जिल्ला अध्यक्ष अनिल पोखरेल, उपाध्यक्ष सुनिल झा चन्दन, सदस्य रवि राय, प्रदेश सचिव प्रमोद चालिसे लगायतले रक्तदान गरेका छन्।

सो अवसरमा नेकपा समाजवादीका बुद्धिजिवि परिषद्का जिल्ला अध्यक्ष अनिलकुमार अनल, केन्द्रिय परिषद्का नथुनी दास, सरेन्द्र गुप्ता लगायतको उपस्थिति रहेको थियो।

# लघुकथाकारहरु सम्मानित




**राजविराज**/लघुकथाको विकास र विस्तारमा पुऱ्याएको योगदान स्वरुप सप्तरीका मनोहर पोखरेल र सुनसरीकी इन्दु तोदीलाई सम्मान गरेको छ।

लघुकथा समाज नेपाल प्रदेश १ द्वारा विराटनगरमा आयोजत १४औं लघुकथा दिवसको अवसरमा उनीहरुलाई सम्मानित गरिएको हो।

विरामी भएकाले अनुपस्थित रहेकी मोरंगकी विष्णु भण्डारी आचार्यलाई आगामी कार्यक्रमको अवसर पारेर सम्मान पत्र प्रदान गरिने आयोजकले जनाएको छ।

सम्मानित पोखरेल सगरमाथा साहित्य परिषद्का अध्यक्ष र लघुकथा पाठ्य श्रव्य दृष्य प्रतिष्ठानका व्यवस्थापक हुन।

यस्तै व्यापारमा प्रख्यात मारवाडी समुदायमा जन्मनु भएकी साहित्यिक प्रतिभा इन्दु तोदी पहिलो मारवाडी महिला लघु कथाकार हुन। नेपाल अग्रवाल महिला मञ्च धरानकी अध्यक्ष रहेकी तोदी नेपाली लघुकथा मार्फत नारी भित्रको पीडा र अनुभूतिहरुलाई खोतल्न सिपालु छिन्।

यस्तै धनकुटाको चौबिसे गाउँपालिकाकी आचार्य बेलबारी-८ मोरँगमा शिक्षण पेशामा आवद्ध छिन्। कविता, लघुकथा, कथालेखनमा रुची राख्नु हुने उनी पछिल्लो समयमा चोटिला लघुकथा लेखि रहेकी छिन्।

लघुकथा समाज प्रदेश १ की अध्यक्षममता मृदुलको अध्यक्षता र सचिव परशुराम घिमिरेको सञ्चालनमा भएको कार्यक्रममा लघुकथा लेखन अभ्यासमा उत्कृष्ठ लघुकथा लेख्ने १० विद्यालयका १० विद्यार्थीलाई समेत उपहार प्रदान गरिएको छ।

विज्ञापन व्यवसायलाई पारदर्शी बनाऔं

- सञ्चारमाध्यमले आफ्नो प्रभाव, पहुँच र लोकप्रियताका आधारमा विज्ञापनको दर कायम गरौं।
- विज्ञापन दरमा छुट दिनेभए सोसमेत उल्लेख गरौं।
- निर्धारित दर सार्वजनिक गरौं र विज्ञापन बोर्डमा समेत पठाऔं।
- तोकिएको दर र छुटको सिमामा रही कारोबार गरौं।

नेपाल सरकार
विज्ञापन बोर्ड

देश विदेशबाट पठाइएको रकम तुरुन्त भुक्तानी लिनका लागि सम्झनुहोस्।
हाम्रो सेवाहरु
नेपाल सहकारी संस्था लि.
राजविराज ४, फोन नं. ०३१-५३१०९६

ipay remit | City Express Money Transfer | Best Remit Quick & Easy | Prabhu Money Transfer | IME International Money Express | himal remit हिमालरेमिट | CG Money

**प्रकाशक** : श्रीमती सुमित्रा गुप्ता, **सम्पादक** : अनिलकुमार अनल (९८४२८३४९१७), **सह-सम्पादक** : नवीनकुमार गुप्ता (९८५२८२०५८४, ९८०३२८३११५), **लेआउट** : संजय शेखर, **मुद्रण** : न्यू नवीन प्रेस, राजविराज, **फोन** : ०३१-५३०७६८ (कार्यालय), **इमेल** : *saptahiknavin@gmail.com*, **वेवसाइट** : *rajbirajdainik.com.np*